Phone: 5010081
5010066
5010247
5010115
Post Box: 13328
पुल्चोक, ललितपूर, नेपाल
Polchowk, Lalitpur Nepal

# महालेखापरीक्षकको कार्यालय

**Office Of The Auditor General**

(संघीय मामिला तथा स्थानिय विकास लेखापरीक्षण निर्देशनालय)

मिति: २०७४।१२।२५

श्री प्रमुखज्यू,
कन्काई नगरपालिका,
झापा ।

## लेखापरीक्षण प्रतिवेदन

यस कार्यालयबाट कन्काई नगरपालिकाको आर्थिक वर्ष २०७३।७४ को पेश भएका आर्थिक विवरण र सो सँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**आर्थिक विवरण उपर व्यबस्थापन पक्षको जिम्मेवारी**

आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ र प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखाविवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यबस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

प्रस्तुत आर्थिक विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्यप्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा केन्द्रिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन्:

१. लेखापरीक्षणबाट रु.११ लाख १२ हजार बेरुजु देखिएको छ । सोमध्ये नियमित गर्नुपर्ने रु.१ लाख १२ हजार रहेको छ ।

२. साविकका स्थानीय निकायको सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतको सम्पत्ति स्थानीयतहमा हस्तान्तरण गरी अभिलेख राख्नु पर्नेमा हस्तान्तरण भएको छैन ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमाआधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७४।१२।२५ मा लेखापरीक्षण प्रतिबेदन जारी गरिएको छ ।

**कैफियत सहितको लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण रायले त्यहांको वित्तीय विवरणहरुमा पर्ने असर र लेखापरीक्षण प्रतिबेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

# कन्काई नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत आर्थिक वर्षसम्मको मौज्दात रु. ७८ लाख ३० हजार, यो आ.व.को आम्दानी रु.१७ करोड ९९ लाख २८ हजार गरी जम्मा रु. १८ करोड ७७ लाख ५८ हजार आम्दानी भएकोमा रु.१७ करोड ७८ लाख ११ हजार खर्च गरी रु.९९ लाख ४७ हजार मौज्दात बाकी रहेको छ। उक्त आर्थिक कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

१. **अनुमोदन बेगरको खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २९ मा थप कामको आदेश स्वीकृत गर्नु पर्ने व्यवस्था छ। ८७-२०७४।२।१० नगरपालिका भवन निर्माण कार्यमा संझौता परिमाण तथा अतिरिक्त कार्य गरे वापत एक निर्माण व्यावसायीले पेश गरेको रु. १४७४८३९।- को भेरिएसन विल पेश गरी रु. १०,००,०००।०० भुक्तानी दिएको देखिन्छ। सो निर्माण कार्यको थप भुक्तानी दिने तथा अतिरिक्त कामको नगरपरिषद्को निर्णय पेश हुन आएन। बढी काम गर्नुपर्ने आधार तथा निर्णय वेगर भुक्तानी भएको रु.१०,००,०००।- नियमित देखिएन।

२. **फ्रिज :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२ (५) मा बाकी रकम फ्रिज गर्नु पर्ने व्यवस्था छ। जि.स.स.बाट प्राप्त सांसद विकास कोषका रकम आर्थिक विवरण अनुसार रु. ४१६३२१०।- आम्दानी देखिएकोमा खर्च रु. ४०५०८६०।- गरी रु. ११२३५०।- आन्तरिक कोषमा मौज्दात रहेकोले सो रु.११२३५०।- संचित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको पाइयो।

३. **नापी किताव :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३० मा कामको प्राबिधिक नापजाँच गर्नु पर्ने व्यवस्था छ। कार्यालय भवन निर्माण कार्यको लागि २०७२।३।२ मा एक निर्माण व्यवसायीसंग मु.अ.कर बाहेक रु. ३,८६,५७,१६१।- मा संझौता भएको देखियो। सो निर्माण कार्यको रनिङ्ग विलमा अघिल्लो खर्च भएको परिमाण र रकम उल्लेख गरिएको छैन। नापी किताब वर्षपिच्छे छुट्टाछुट्टै राख्ने गरेबाट भएको काम हाल सम्मको खर्च अद्यावधिक अवस्था देखिने अभिलेख नहुंदा कामको अवस्था यकिन नभएकोले मापन गर्ने आधार देखिएन। भुक्तानी भएको रकम रु.३,८६,५७,१६१।- अनियमित देखिएको पाइयो।

४. **धरौटी जफत :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७६ मा जफत भएको धरौटी कोषमा दाखिला गर्नु पर्दछ। २०७४।६।८ मा एक आपूर्तकले संझौता अनुसार विद्युत सोलार वत्तिको सेवा उपलब्ध नगरेको भनी राखेको धरौटी जफत गरी अर्को आपूर्तकबाट सेवा उपलब्ध गरी विल बमोजिम रु. ९७,५००।- खर्च भएको छ। धरौटीबाट सोझै खर्च गरेको, जफत भएको आन्तरिक आय खातामा आम्दानी गरी खर्च गर्नु पर्नेमा सोझै खर्च गरेको नियमित देखिएन। यस्तो सिधै खर्च गर्ने पद्धतीमा सुधार गर्नुपर्ने देखिन्छ।

### बेरुजू स्थिति

यो वर्ष लेखापरीक्षणबाट रु. ११ लाख १२ हजार बेरुजू रहेको मध्ये नियमित गर्नुपर्ने रु. ११ लाख १२ हजार रहेको छ।